आज मिति २०८१/१०/१० गते बिहान ८:०० बजे रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल
५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल
६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.
७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की
८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी
९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर
१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य
१३. कार्यपालिका सदस्य श्री गोमा थापा
१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली
१५. कार्यपालिका सदस्य श्री गीता कौशल
१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल
१७. सदस्य सचिव श्री मणि प्रसाद खनाल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख

CamScanner

**प्रस्तावहरु ।**

१. गाउँसभामा पेश गर्ने विधेयकको सम्बन्धमा,

२. कार्यविधिहरु सम्बन्धमा,

३. बजेट रकमान्तर तथा योजनाको शिर्षक परिवर्तन सम्बन्धमा,

४. विविध ।

**निर्णयहरुः-**

| सि. नं. | विषयगत शाखा | निर्णय ब्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन | तपसिल वमोजिमका विधेयकहरु पारित गरियो । साथै उक्त विधेयकहरू स्वीकृतिको लागि गाउँसभाको आगामी बैठकमा पेश गर्न देहायका कार्यपालिका सदस्यहरुलाई तोक्ने निर्णय गरियो।<br>(क) रिब्दीकोट गाउँपालिकाको वन व्यवस्थापन सम्वन्धी विधेयक, २०८१ : सभामा पेश गर्ने श्री दान बहादुर कुवर ।<br>(ख) रिब्दीकोट गाउँपालिकाको मठ-मन्दिर व्यवस्थापन विधेयक, २०८१ : सभामा पेश गर्ने श्री सोम वहादुर कार्की ।<br>(ग) रिब्दीकोट गाउँपालिकाको स्थानीय मदिराजन्य पेय पदार्थ ब्रान्डिङ तथा व्यवस्थापन विधेयक, २०८१ : सभामा पेश गर्ने श्री ओम प्रसाद पोखरेल । | |
| २. | प्रशासन | (क) देहायका कार्यविधिहरु उपर छलफल गरी पारित गरियो ।<br>(१) उत्कृष्ठ कृषक पुरस्कार सञ्चालन कार्यविधी तथा मापदण्ड, २०८१<br>(२) रिव्दीकोट गाँउपालिका बाख्रा प्रबर्द्धन कार्यक्रम सन्चालन कार्यविधी, २०८१<br>(३) रिव्दीकोट गाँउपालिका मौरी प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधी, २०८१<br>(४) रिब्दीकोट गाँउपालिका बंगुर प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८१<br>(५) रिब्दीकोट गाउँपालिका हल गोरु पाल्नेलाई प्रोत्साहान कार्यक्रम संचालन कार्यविधी, २०८१<br>(६) रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र पर्ने ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन, संकलन तथा खानी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०८१<br>(७) रिब्दीकोट गाउँपालिका उत्कृष्ठ वडा पुरस्कार कार्यविधि, २०८१<br>(ख) खानेपानी मुहान दर्ता र खानेपानी समुह दर्ता सम्वन्धी २ वटा कार्यविधी संशोधन गरी मर्ज गर्ने निर्णय गरियो । | |
| ३. | योजना | चालु आ.व.को बजेट रकमान्तर र योजनाका शिर्षक परिवर्तन सम्बन्धमा वडा कार्यालयहरु र कार्यपालिकाको कर्यालयको शाखाहरुबाट प्राप्त विवरण पारित गरियो र स्वीकृतिको लागि गाउँसभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो । | |
| ४. | विविध | (क) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविक स्थानीय निकायबाट रिब्दीकोट गाउँपालिकामा समायोजन भई रिब्दीकोट गाँउपालिंकामा कार्यरत स्थायी कर्मचारीहरुलाई सेवा निवृत्त पश्चात नियमानुसारको सुविधा उपलब्ध गराउने प्रयोजनको लागि मिति २०८२ साल श्रावण महिना देखि उल्लेखित कर्मचारीहरुको तलववाट १०% योगदान कट्टि र पालिकाबाट पनि सोहि रकम बराबर जम्मा गरी कृषि विकास बैंकमा रहेको कर्मचारी कल्याण कोषमा जम्मा गर्ने निर्णय गरियो । | |

CamScanner

| | | |
|---|---|---|
| | | (ख) आर्थिक प्रशासन शाखामा लेखा अधिकृत र लेखा सहायक गरी २ वटा दरबन्दी रहेकोमा हाल १ जना लेखापाल श्री तेजेन्द्र लम्सालले मात्र आर्थिक प्रशासन शाखाको सबै कार्य सम्पादन गर्न विहान, साँझ समेत कार्य गर्नु पर्ने भएकाले प्रोत्साहन स्वरुप निजलाई खाइपाइ आएको तलब भत्ता रकमको ५०% ले हुन आउने रकम बराबर मासिक प्रोत्साहन भत्ता पुष महिना देखि लागु हुने गरि उपलब्ध गराउने निर्णय गरियो ।<br>(ग) आ.व. २०८१।०८२ को पहिलो ६ महिनाको कार्य सम्पादनको मुल्याङ्कनमा प्रथम स्थानमा पर्न सफल हुने वडालाई प्रोत्सहान स्वरुप रु ५ लाखको योजना दिने निर्णय गरियो ।<br>(घ) अनुगमन समितिका संयोजक श्री कान्ता अधिकारीवाट पेश भएको समितिको प्रतिवेदन सम्वन्धमा जानकारी भयो । |